म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ७६ | आइतबार ६ कार्तिक २०७९ | ने. सं. ११४२ कौलागा | 23 October, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

यौनिक तथा लैगिंक अल्पसंख्यकलाई सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, ५ कार्तिक/ सेभ द चिल्ड्रेन ग्लोबल फन्डको सहयोगमा मकवानपुरका यौनिक तथा लैगिंक अल्पसंख्यकलाई राहत वितरण गरिएको छ ।

सेभ द चिल्ड्रेन ग्लोबल फन्डको सहयोगमा निलहीरा समाजको साझेदारीमा मकवानपुरमा रहेका विपन्न र बेरोजगार ९३ जना लैगिंक तथा यौनिक अल्पसंख्यक व्यक्तिहरुलाई दाल, चामल, चिउरा, अण्डा, तरकारीलगायतका खाद्यान्न सामग्री वितरण गरिएको छ । कार्यक्रममा नीलहीरा समाजका अध्यक्ष पिंकी गुरुङ, एफएसजिएमएन संयोजक सभ्रिन शेरचन, फ्रेन्ड्स हेटौंडा कार्यक्रम संयोजक किरण थापालगायतको उपस्थिति थियो ।

उम्मेदवारको बाटो हेर्दै वनकरिया

साझाकुरा संवाददाता

हेटौंडा, ५ कार्तिक/ मकवानपुरको मनहरी गाउँपालिका-४ वनकरिया बस्ति यतिबेला सुनसान छ । गत स्थानीय तहको निर्वाचनमा भोट मागन जान्हिरुले भरिएको वनकरिया बस्ति अहिले सुनसान बनेको हो ।

निर्वाचनको मिति नजिकिँदै गर्दा उम्मेदवारहरु चुनावी प्रचारको लागि घरदैलो कार्यक्रममा व्यस्त छन् । ६ महिनाअघि भएको स्थानीय तहको चुनावमा मत मागन आएका उम्मेदवार देखेर वाक्क भएका वनकरियाहरु यतिबेला भोट मागन कतिबेला नेताहरु आइपुग्छन् भनेर बाटो हेरिरहेका छन् । पर्सा वन्यजन्तु निकुञ्जको जग्गामा बसिरहेका उनीहरु लालपूर्जा पाउने आशले भोट मागन आउने उम्मेदवारहरुको बाटो हेरिरहेका छन् ।

चुनावमा उनीहरुसँग भोट मागन आउने नेतालाई उनीहरुले लालपूर्जा मागन थालेको धेरै भयो । तर, हालसम्म न उनीहरुले लालपूर्जा पाएका छन् न त मागन नै छोडेका छन् । उसो त उनीहरुलाई लालपूर्जा दिने आश देखाएर भोट मागन जाने उम्मेदवारहरु पनि घटेका छैनन् । निर्वाचनमा उम्मेदवारहरु फेरिँदै गएको भएपनि वनकरियाको समस्या फेरिएको छैन । न त उम्मेद्वारहरुले वनकरियालाई दिने आश्वासन नै फेरिएको छ ।

तत्कालिन प्रधानमन्त्री बाबुराम भट्टराई २०६९ साल माघ २२ गते यहि वनकरिया बस्तिमा आएर बास बसेका थिए । उनले आफ्नो प्रधानमन्त्रीत्वकालमा एक दिन जनताको घरमा बास बस्ने अभियान अन्तर्गत यहाँ बास बसेका थिए । त्यतिबेला भट्टराईले वनकरियाहरुले उपभोग गर्दै आएको ६ हेक्टर जग्गा थप ४० वर्ष उपभोग गर्न पाउने गरी सरकारले निर्णय गर्ने आश्वासन दिए । तर उनी नेतृत्वको मन्त्रिपरिषदबाट त्यो निर्णय भएन ।

पूर्वपश्चिम राजमार्गअन्तर्गत मकवानपुरको रजैयाबाट करिब ५ किलोमिटर दक्षिणतर्फ लागेपछि वनकरिया बस्ति पुगिन्छ । नेपाल सरकारले लोपोन्मुख जातिको सूचीमा राखेको वनकरिया जाति मकवानपुरको मनहरी गाउँपालिका-४ वनकरिया बस्तिमा मात्र बसोबास छ । १८ वर्षअघि बस्तिमा भरेका उनीहरुले लालपूर्जा पाउने सपनामा भोट दिएर धेरैको सपना पुरा गरिदिसके । तर, उनीहरुको सपना भने जस्ताको त्यस्तै छ । स्थानीय सन्तमाया वनकरिया भोट मागन आउनेहरुको अनुहार फेरिएपनि वनकरियाको समस्या नफेरिएको सुनाउँछिन् । अहिलेसम्म कतिपटक भोट हालियो भन्ने याद नभएपनि भोट मागन आउनेहरुको आश्वासन भने उनलाई याद छ ।

पटक-पटक फरक आश्वासन लिएर आउने जुनसुकै पार्टीका उम्मेदवारले लालपूर्जा वितरण गर्ने वचन दिन भने छुटाएका छैनन् । तर, ती वचन चुनावसँगै सकिने गरेको उनको गुनासो छ । उनले नेताहरुले आश्वासन दिएर लालपूर्जा वितरण नगरेपछि वनकरियाहरुले फेरि बस्ति छोडेर वन पस्ने कुरा गर्न थालेकोसमेत सुनाइन् । उनको अनुसार हाल वनकरिया बसिरहेको जमिनमा उनीहरुको पुर्खा पनि बसेका थिए । जसले गर्दा उनीहरुको लागि त्यो जमिन प्रिय छ । त्यसैले उनीहरु कुनैपनि हालतमा त्यो जमिन छोडेर अन्यत्र जान चाह्दैनन् ।

तर, सरकारले उनीहरुलाई त्यो जग्गाको लालपूर्जा नदिएर अन्यत्र बसाई सारेमा धेरै वनकरिया बस्ति जीवन त्यागेर पुनः वन फर्किने मनस्थितिमा पुगेको उनले बताइन् । ६५ वर्षीया कान्छीमाया वनकरिया भन्छिन्, 'नेताहरु भोट मागन आउन बाँकी नै छ होला ।' पाँच वर्षअघि भएको प्रदेशसभा-प्रतिनिधिसभा चुनावमा नेताहरु भोट मागन नआएको उनले बताइन् । तर यो वर्ष भोट मागन कुनै नेता आइदिए हुन्थ्यो भन्ने उनलाई लागेको छ । भोट मागन आएका नेताहरुलाई आफ्ना समस्या सुनाउन पाए समाधान गर्दिन्थेकी भन्ने आश कान्छीमायालाई छ । 'हामीले नेताहरुलाई हाम्रा दुःख र समस्या सुनाउनु छ,' उनी भन्छिन्, 'पहिलेभन्दा त अहिले हामीलाई राम्रो छ, तर हाम्रो बासको ठेगान अझै भएन अनि छोराछोरीको लागि जागिर पनि भएन ।' २० वर्ष पुग्नै लाग्दा 'अब के हुन्छ ?' भनेर वनकरिया बस्तिमा अन्यौलता छ । अहिले यो बस्तिमा वनकरियाका २३ घर छन् । उनीहरुको अहिलेको जनसंख्या ८९ मात्र हो । तर उनीहरुमध्ये कसैसँग पनि नम्बरी जग्गा छैन । अर्थात् वनकरियाले पनि जग्गाको लालपूर्जा पाएका छैनन् । त्यसैले यो समुदायको मुख्य माग नै जग्गाको लालपूर्जा हो ।

'सरकारले जग्गा दिएपछि हामीहरु जंगल छोडेर आयौं, स्याउला र केराको पात छापेर बस्यौं,' सन्तमाया भन्छिन्, '२० वर्ष पुग्न लाग्यो, अब हामी यहाँ छोडेर कहाँ जाने, फेरि पनि हामी जंगल नै फर्कनु ?' अब आफूलाई यो ठाउँ छोडेर जान मन नलागेको कान्छीमाया बताउँछिन् ।

सरकारले वनकरियालाई स्थानान्तरण गर्नुभन्दा पनि अहिले उपभोग गरिरहेको जग्गाकै लालपूर्जा दिए हुन्थ्यो भन्ने उनलाई लागेको छ । सरकारले अस्थायी बसोबासको लागि जग्गा उपलब्ध गराउँदा उनीहरु १२ घरपरिवार मात्रै थिए । दुई प्लटमध्ये एउटा प्लटमा घर बनाएर बसेका थिए भने अर्को प्लटमा खेती लगाउने गर्थे । तर अहिले सन्तान बढ्दै गएपछि घरहरु पनि बढेर २३ पुगे । घर बढ्दै गएपछि खेती गर्ने जमिन पनि बाँडियो । खेती गरेर छ महिना पनि खान नपुग्ने राम वनकरिया बताउँछन् । उनले ज्याला मजदुरीको भरमा ५ जनाको परिवार पाल्दै आएका छन् । उनी भन्छन्, 'सरकारले हामीलाई जागिरको व्यवस्था गरिदिए परिवार पाल्न सजिलो हुन्थ्यो ।'

केन्द्र सरकारमा मन्त्री फेरिएपिच्छे ज्ञापनपत्र बुझाउन जाने गरेको सन्तोषी वनकरिया बताउँछिन् । 'मन्त्री फेरिने बितिकै हामि ज्ञापनपत्र बुझाउन जान्छौं । उहाँहरु हुन्छ गर्छौं भन्नुहुन्छ फेरि केहि समयपछि अर्को मन्त्री आइहाल्नुहुन्छ', उनले भनिन् 'लालपूर्जा मात्रै हामिले जाने ठाउँ कुनैपनि बाँकी राखेका छैनौं । 'उनले वनकरियाको लागि जतिसुकै व्यवस्था फेरिएपनि कुनै प्रभाव नपरेको गुनासो गरिन् ।

चुनावमा उम्मेदवार फेरिएपनि वनकरियाको समस्या फेरिन नसकेको भन्दै वनकरियाले भनिन् 'कतिबेला निकुञ्जले हाम्रो घर भत्काउने होकि आगो लगाएर लखट्ने हो भन्ने चिन्ताले सबैलाई पिरोलेको छ ।' चितवनमा निकुञ्जले घर भत्काएको र आगो लगाएको समाचार आफूले सुनेको भन्दै उनले आफूहरुमाथी पनि सोही घटना हुनसक्ने चिन्ता व्यक्त गरिन् ।

१ नम्बर क्षेत्रमा विकासको मुल फुटाउने डीनाको उद्घोष

साझाकुरा संवाददाता

हेटौंडा, ५ कार्तिक/ सत्ता गठबन्धनबाट मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर १ की उम्मेदवार नेपाली कांग्रेसकी सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीनाले आफ्नो क्षेत्रमा विकासको मुल फुटाउने बताएकी छन् ।

बकैया गाउँपालिका स्तरीय बाम लोकतान्त्रिक गठबन्धनको अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै डीनाले प्रत्यक्ष निर्वाचन जितेको अवस्थामा १ नम्बर क्षेत्रमा विकासले गति लिने बताएकी हुन् । डीनाले निर्वाचन क्षेत्रको विकास र जनचाहना लाई नजीकमा रहेर सम्बोधन गर्ने बताइन् ।

डीनाले आफ्नो निर्वाचन क्षेत्रभित्रका स्थानीय सरकारमा गठबन्धनकै नेतृत्व रहेको भन्दै विकास र समृद्धिमा कसैले रोक्न नसक्ने बताएकी छन् । 'हाम्रो निर्वाचन क्षेत्रमा जहाँसुकै हाम्रो उपस्थिति छ । बागमतीमा सर्केश जी, बकैयामा धर्म जी, नगरमा मिना जी हुनुहुन्छ । अनि विकास र समृद्धिको कुरा गर्न हामीलाई कसले रोक्दछ ? अब प्रदेश र केन्द्रमा हाम्रो उपस्थितिले मकवानपुरको समुचित विकास हुन कसैले रोक्न सक्दैन्,' डीनाले भनेकी छन् । मुलुकमा अप्ठेरो पर्दा लोकतान्त्रिक पद्धतिमा ल्याउने कांग्रेस, माओवादी, समाजवादीको शक्ति रहेको भन्दै देशको आवश्यकताका आधारमा गठबन्धन बनेको दावी गरिन् ।

'प्रतिगामी शक्तिहरु जब जुर्मुराउन थाल्छन, व्यवस्थामाथि धावा बोल्छन, तिनकोविरुद्ध प्रगतिशील शक्तिहरुले राष्ट्र देश र संविधान जोगाउन गठबन्धन निर्माण गरेको हो,' डिनाले भनिन् । म जिल्छु भन्दै केही थान कार्यकर्ताहुई प्रलोभन दिने उम्मेदवारहरुलाई विश्वास नगर्न डिनाको आग्रह थियो ।

गठबन्धनबाट प्रदेशसभा १ को (क)का उम्मेदवार प्रेमबहादुर पुलामीले बामगठबन्धनको उम्मेदवार जिताउन आग्रक गरे । अधुरो योजनालाई पुरा गर्न आफ्नो पुनः उम्मेदवारी रहेको पुलामीले बताए । यस क्षेत्रको विकास, शिक्षा स्वास्थ्य र भूमिहीन हरुको भूमि प्राप्तिको लागि भूमिका रहने बताउँदै पुलामीले संघ र प्रदेशमा मन्त्रालयगत बजेटमा समेत पहुँच हुने विकासका लागि समस्या नहुने धारणा राखे ।

कांग्रेस बकैया गाउँपालिका सभापति दिलबहादुर भोम्जनको सभापतित्वमा भएको कार्यक्रममा प्रदेश नीति तथा योजना आयोग सदस्य प्रल्हाद लामिछाने, जिल्ला समन्वय समितिका प्रमुख ललितबहादुर घलानलगायतको उपस्थिति थियो ।

थप १२५ जनामा डेंगी संक्रमण पुष्टि



साझाकुरा संवाददाता

हेटौंडा, ५ कार्तिक/ मकवानपुरमा थप १२५ जनामा डेंगी संक्रमण पुष्टि भएको छ ।

स्वास्थ्य कार्यालय मकवानपुर अनुसार पछिल्लो २४ घण्टामा जिल्लामा थप १२५ जनामा डेंगी संक्रमण पुष्टि भएको हो । पुष्टि हुनेहरुमा सबैभन्दा बढी ११८ जना हेटौंडा उपमहानगरपालिका भित्रका रहेका छन् भने बकैया गाउँपालिका भित्रका रहेका छन् । मनहरी र जिल्ला बाहिरका तथा ठेगाना नखुलेका एकएक जना रहेका छन् । योसँगै जिल्लामा डेंगी संक्रमितको संख्या ४ हजार ६५१ पुगेको कार्यालयले जनाएको छ ।

दोब्बर बढी मतान्तरले चुनाव जित्ने विरोध खतिवडाको दाबी

साझाकुरा संवाददाता

हेटौंडा, ५ कार्तिक/ मकवानपुर प्रतिनिधिसभा क्षेत्र नम्बर २ का गठबन्धनका उम्मेदवार विरोध खतिवडाले आफू दोब्बर मतले विजयी हुने दाबी गरेका छन् ।

मकवानपुरको मनहरीमा लोकतान्त्रिक बाम गठबन्धनले शनिबार आयोजना गरेको चियापान कार्यक्रममा सम्बोधन गर्दै खतिवडाले यस्तो बताएका हुन् । उनले राजा फर्काउने अभियानमा लागेका देखि देश टुक्राउने मिसनमा लागेका पार्टीसंग तालमेल गरेको एमालेको उम्मेदवार भन्दा आफू गठबन्धनको दोब्बर मतले चुनाव जित्ने दाबी गरे पश्चगामी गठनबन्धनको नेतृत्व गरिरहेको एमालेले जित्यो भने संविधान तथा मुलुकले प्राप्त गरेको उपलब्धिमाथि खतरा हुने चेतावनी दिँदै उम्मेदवार खतिवडाले देशमा संघीयता, धर्मनिरपेक्षता, समावेशिताको रक्षाका लागि पनि कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, जनमोर्चा, नेपाल समाजवादी पार्टीजस्ता लोकतान्त्रिक शक्तिबीत गठबन्धनको आवश्यकता बनेको प्रष्ट पारे ।

केपी शर्मा ओलीमा नक्कली राष्ट्रवाद र आफूलाई सर्वेसर्वा भन्ने दम्भ पलाएकाले असली कम्युनिष्टहरुले उनीसंग विद्रोह गरी एकीकृत समाजवादी पार्टी स्थापना गर्नुपरेको खतिवडाले बताए । यस्तै, प्रदेशसभा (क) का उम्मेदवार कुमारी मोक्तानले गठबन्धनबाट उठेका उम्मेदवारलाई फरक पार्टीको रुपमा नहेरी मत दिन मतदातासंग अपिल गरिन् ।

फरक चुनाव चिन्हमा मत किन दिने भन्दै भ्रम फैल्याउने कार्य भइरहेकाले देश र नागरिकको भविष्यका लागि भएको गठबन्धनमा आबद्ध उम्मेदवारलाई जिताउन फरक चिन्ह भएपनि निर्धक्कले भोट दिन उनको आग्रह थियो ।

यस्तै, प्रदेशसभा (ख) का उम्मेदवार इन्द्रबहादुर बानियाले तत्कालीन ओली नेतृत्वको नेकपा सरकार जनताको विकास भन्दा आफ्ना लागि ध्यान दिन केन्द्रीत भएको बताउँदै गठबन्धनपछि विकासमा फड्को मार्ने काम भएको बताए । अहिले गठबन्धनको प्रदेश सरकारले मकवानपुरमा विकासका लागि विभिन्न योजनाहरु अघि सारेको बानियाँको भनाइ छ ।

रोयल इन्फिल्डर्सको आधिकारिक बिक्रेता र सर्मिस सेन्टर अब हेटौंडाको

ॐ अटोमोबाइल्समा

शुभ दीपावली, नेपाल सम्वत तथा छठ पर्व-२०७९ को पावन अवसरमा हाम्रा सम्पूर्ण ग्राहकवर्ग, व्यवसायीहरु, सहयोगी मित्रहरु, शुभचिन्तक एवम् समस्त देशबासीमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

दिबिस गोविन्द जोशी (प्रोप्राईटर)
सम्पर्क: ९८०१०८९१७४

नोट: असोज २ गतेदेखि सुविधा दिंदै आइरहेका छौं ।

हेटौंडा-४, मेनरोड (बैंक अफ काठमाडौं अगाडि

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

निजी स्वास्थ्य संस्थालाई उपमहानगरको गम्भीर ध्यानाकर्षण सम्बन्धी सूचना

यस हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र सञ्चानमा रहेका निजी तथा सामुदायिक अस्पताल, पोलिक्लिनिक, क्लिनिक, ल्याब, फार्मेसी तथा डाईगोनोष्टिक सेन्टरहरु दर्ता प्रक्रयामा नरहेको तथा नवीकरण नगराइएको र मापदण्ड भन्दा बाहिर रहेर सञ्चालनमा रहेको पाइएकाले हेटौंडा उपमहानगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ । यसै सूचनालाई आधार मानी २०७९ कार्तिक मसान्त भित्रमा सम्पूर्ण प्रक्रया पूरा गरेर मात्र निजी स्वास्थ्य संस्था सञ्चालन गर्न अनुरोध गरिन्छ ।

जनस्वास्थ्य शाखा
हेटौंडा उपमहानगरपालिका

साझाकुरा

हाम्रो कुरा

चाडपर्वमा विशेष सुरक्षा

चाडपर्वमा बढ्न सक्ने अपराध र दुर्घटनालाई न्यूनीकरण गर्ने उद्देश्यसहित नेपाल प्रहरीले देशैभरि चाडपर्वलक्षित सुरक्षा योजना कार्यान्वयनमा ल्याउने गर्दछ । बजार, सडक र बैंक तथा वित्तीय संस्थालाई लक्षित गरी प्रहरीले सुरक्षा सतर्कता बढाउने गर्दछ । ७७ जिल्लामै स्थानीय चुनौतीअनुसार सुरक्षा योजना बनाएर प्रहरी परिचालन गरिएको प्रहरी प्रधान कार्यालयले बताएको छ । आर्थिक कारोबार धेरै हुने ठाउँमा चोरी तथा लुटपाटका घटना हुन सक्ने भएकाले चुनौती मूल्यांकन गरी प्रहरी परिचालन गरिएको प्रहरी अधिकारीहरूले बताएका छन् । चाडपर्वको समयमा हुनसक्ने अपराध रोक्न योजना बनाई कार्यान्वयन गर्न प्रहरी प्रधान कार्यालयले ७७ जिल्लालाई नै निर्देशन दिएको थियो । सोही आधारमा सबै जिल्ला प्रहरी कार्यालय तथा ट्राफिक कार्यालयले सुरक्षा योजना बनाई कार्यान्वयनमा ल्याएका हुन्छन् ।

सुरक्षित रूपमा जनतालाई चाडपर्व मनाउन भरपर्दो वातावरण बनाउनु सुरक्षाकर्मीको दायित्व हो । तिहारमा सडक तथा बजारमा भिडभाड हुने र त्यही मौकामा चोरी तथा लुटपाटका घटना विगतमा भएका छन् । त्यस्ता ठाउँमा सादा पोसाकमा समेत प्रहरी खटाउनु जरुरी छ । आर्थिक कारोबार हुने ठाउँमा सिसिक्यामेरादेखि सादा पोसाकका प्रहरीबाट निगरानी बढाउनु जरुरी छ । चाडपर्वमा सामान्य र असामान्य गरी दुई किसिमको सुरक्षा चुनौती हुने प्रहरीले आकलन गरेको छ । अवैध मदिरा बिक्री-वितरण, झैं-झगडा, जुवातास, लंगुरबुर्जा, तीनगोटी, मादक पदार्थ सेवन गरी गरी ट्राफिक नियमको उल्लंघन, सवारी दुर्घटना, सवारीसाधनको टिकटमा कालोबजारी, नापतौलबाट ठगी, आतिसबाजी, पकेटमारी, चोरी, लुटपाट, चोरी पैठारी, नक्कली तथा म्याद गुज्रेको सामानको बिक्री-वितरण, अभद्र व्यवहार, चन्दाजस्ता अपराध सामान्य चुनौती हुन् । समूह-समूहबीच हुन जाने झगडा, डकैती, हातहतियार तथा खरखजनाको प्रयोग, आगजनी, विस्फोटन, हत्या, जबर्जस्ती करणी, अपहरण वा शरीर बन्धक, ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभजस्ता अपराधलाई असामान्य चुनौती हुन् । यस्ता अपराध न्यूनीकरण गर्न प्रहरीहरु सक्रिय हुनु पर्दछ । तिहारमा उपत्यकामा बस्ने लाखौं सर्वसाधारण उपत्यकाबाहिर जाने गर्दछन् । यही वेला घर तथा डेरामा कोही नभएको बेला ताल्चा फुटाएर हरेक वर्ष चोरी हुने गरेको छ । ढोकामा बलियो लक्ष प्रयोग गर्न तथा सुन, पैसा तथा महँगा सामान राखेर उपत्यकाबाहिर नजान प्रहरीले आग्रह गरेको छ । घर नै खाली गरेर उपत्यकाबाहिर जानुपर्ने अवस्थामा स्थानीय प्रहरीलाई निगरानीका लागि खबर गर्न आग्रह गरिएको छ । यस्ता विषयमा सचेतनाका लागि प्रहरीले पर्चा वितरण तथा माइकिङसमेत गर्न थालेको छ ।

सुरक्षित रूपमा जनतालाई चाडपर्व मनाउन भरपर्दो वातावरण बनाउन प्रहरीले आफ्नो सक्रियता बढाउनु पर्दछ । सीमा तथा राजमार्ग क्षेत्रलाई समेत लक्षित गरी प्रहरी परिचालन गर्नु पर्दछ । तिहारमा भारतबाट ठूलो संख्यामा नेपाली स्वदेश फर्कन्छन् । फर्कने क्रममा सीमामा लुटपाटलगायत घटना हुन्छन् । उनीहरूलाई सहयोगका लागि सशस्त्र प्रहरी बलले डेस्क नै स्थापना गरी सहजीकरण थालेको छ । त्यसको व्यवस्थित सञ्चालन हुनु पर्दछ । यससंगै दिउँसै मापसे चेकदेखि गाडीको अवस्था जाँचसम्म ट्राफिक प्रहरीले पनि सडकमा चाडपर्वलक्षित विशेष चेकजाँच गर्नु पर्दछ । यसले चाडपर्वमा मापसेबाट हुने दुर्घटनामा कमि आई चाडपर्वलाई खल्लो नबनाउनेतर्फ मद्दत पुग्दछ । प्रहरी, ट्राफिक, स्थानीय जनता सबैको एकीकृत पहलबाट आ-आफ्नो क्षेत्रलाई पूर्ण शान्तिसुरक्षायुक्त बनाउन सकिन्छ । यसतर्फ सबैले विशेष तरिकाले योजना बनाउनु र सोहीअनुसार काम गर्नु जरुरी छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५९८४५१०५५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३१९
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बडबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२६५८७, ९८४५१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०७९ कार्तिक ७ गते सोमबार २४ अक्टोबर २०२२ । कात्तिक कृष्णपक्ष चतुर्दशी । कौलागा ११४२ ने.सं. । सूर्योदय ६:१०, सूर्यास्त ५:२५ । लक्ष्मी पूजा/कुकुर तिहार/विश्व विकास सूचना दिवस/संयुक्त राष्ट्रसंघ दिवस/दीपमालिका/सुखरात्री ।

आजको राशिफल

मेष	: स्थानान्तरणको योग	तुला	: कार्यमा ढिलाइ
वृष	: धर्मबाट सन्तोष	वृश्चिक	: ऋण र शत्रु वृद्धि
मिथुन	: कार्यमा अवरोध	धनु	: परिवारमा विवाद
कर्कट	: स्वजनबाट विरोध	मकर	: खिन्नता रहने
सिंह	: शैक्षिक कार्यमा बाधा	कुम्भ	: ऋण नाश
कन्या	: आफन्तमा विवाद	मीन	: खर्च वृद्धि

शुद्धीकरणको लागि चुनावी पर्व



कुलचन्द्र वाग्ले

पर्वहरु मान्ने, मनाउने क्रम अन्त: शुद्धिको लागि प्रयोग गर्नुपर्छ । पर्व केही सांस्कृतिक छन् देव, देवीसँग जोडिएका । धार्मिक आस्था र विश्वासले बाँधिएका पर्व प्रचलनमा निरन्तर छन् । पर्वको विविधता छ तर समय अगम्य, गम्य दुवै छ । हाम्रो नेपाली समाज यतिबेला पर्वहरुको 'मुड'मा छ । भर्खरै दसैं सकियो । संघारमा तिहार छ । उज्यालो तत्त्वबोधको सात्विक पर्व । सँगै उपस्थित छ राजनीतिक चुनावी पर्व- चुनावी माहोल । चाडबाडको उद्गम समय तालिका कहिले ? अगम्य छ, अनुमानित होला । चुनावी पर्वको जन्म तालिका करिब पाँच शतकको हो । गम्य छ ।

दसैं, तिहार अध्यात्मबोधी पारम्परिक पर्व । कतिऔं वर्षदेखि हाम्रो समाजलाई यस चाडले उद्वेलित स्फूर्त गरिरहेछ ? थाहा छैन तर हामी प्रत्येक वय वर्षसँगै उक्लिंदै यसरी नै र माइरहेका छौं । वा दु:खी रहेका छौं । स्थापित संस्कृतिको निरन्तरतामा कडी जोड्दै ।

पर्व पहिचान पनि हो अर्थात् संस्कृति । चुनाव पनि संस्कृति हो । आध्यात्मिकभन्दा अघुना राजनीतिक संस्कृति । संस्कृति सभ्यताको पहिचान हो । चाहे आध्यात्मिक परम्पराबोधी संस्कृति वा राजनीतिक संस्कृति । दुबैले आआफ्नो पहिचान दिन्छन् ।

अध्यात्मआश्रित संस्कृतिको स्थापित परम्परा (निरन्तरता) भिन्न कारण र राजनीतिक संस्कृतिको परम्परामा अर्कै कारण छ । मूलत: दुवै परम्पराले ग्रहण गरेको सांकृतिक आकृतिको सम्बोधन भने मानव समुदाय केन्द्रित नै छ । पूजा गाईको होस् कि गोरुको वा स्खको होस् वा नाग (सर्प)को । त्यस्तै कुकुर पूजा नै किन नहोस् । हाम्रो संस्कृति अनन्तको पुजारी हो । मूर्तिकै सही तर सबैको प्रयोक्ता पुजारी मानिस नै हो ।

मुख्यत: पर्व वा चाड जसलाई भन्ने गरियो त्यो धेरै पुरानो, पराप्राचीन छ । शब्दको अर्थ विस्तारले राजनीतिक प्रतिनिधिको चुनावलाई पनि अचेल पर्व वा चाड भन्न थालिएको छ । अर्थात् राजनीतिक पर्व । पर्व समूहमा सबैले एकसाथ मनाउने हुँदो रहेछ । एक्लै त के पर्व होला र ?

हामीले छनोट गरेका देवी, देउतालाई पुकारेर दसैं, तिहार पर्व मनाउँदै गर्दा यस वर्ष 'जनता जनार्दन'ले राजनीतिक प्रतिनिधि छनोट गर्ने छन् । छनोट दुवै हाम्रा आफ्नै हुन् । राजनीतिक सन्दर्भमा 'जनता जनार्दन' सैद्धान्तिक उक्ति हो । व्यवहार त देखे, भोगेकै छ ।

हामीले मनाउने पारम्परिक खास भनिने चाडपर्व प्रत्येक वर्ष समाजिक रंग भर्दै आउँछन् । जान्छन् पनि प्रत्येक वर्ष आआफ्नै प्रकारको अनुभूति बाँडेर । सबैको आफ्नै सीमा, सरोकार छन् । संस्कृति विविधता, जातीय विविधताकै रुप पहिचान हो । जातीय मात्रै किन ? प्राकृतिक बहुरुप पनि संस्कृतिको बहुलता वा विविधता नै हो । विविधता पुँजी हो । पुँजीले विविधतालाई ग्राह्य बनाउँछ, समेट्छ । त्यसैले त आध्यात्मिक चिन्तन प्रेरणा दिने सामाजिक पर्वहरुलाई प्रकृतिसँग पनि जोडियो । कर्म जस्तै-कृषि कर्मसँग पनि जोडिएको छ र अर्थतन्त्रमा सांस्कृतिक पर्वको प्रभाव पनि विश्लेषण गरिन्छ ।

भन्ने गरिएको चाडपर्व प्रत्येक वर्ष । राजनीतिक पर्व, आवधिक निर्वाचनको पाँच वर्षमा एकपल्ट । प्रजातान्त्रिक प्रणालीअन्तर्गत हुने निर्वाचनको आवधिक समय सामान्यत: पाँच वर्ष तोकिएको हुन्छ । तर अमेरिकामा चाहिं चार वर्षको छ ।

पर्व संस्कृति हो । संस्कृतिमा विकृति पनि आउँछ । मनाउँदै, मान्दै विकृतिलाई पन्छाउँदै संस्कृतिको शुद्धीकरण गर्ने हो । शुद्धीकरण गर्न छोडेर विकृतिकै कति रोइलोमात्रै गाउने ? आखिर संस्कृति र विकृति त सँगसँगै छन् नि साथीजस्ता । के ठीक हो ? चिन्ने र बेठीक पर्गेल्ने त हामीले नै हो नि । त्यसैले त मानिसलाई विवेकी बनाएको हो प्रकृतिले ।

हो, राजनीतिक पर्व सामु हामी छौं । प्रजातान्त्रिक अभ्यासले विकसित गरेको पाँच वर्षमा हाम्रो घर आँगनमा आउने चुनावी पर्व आएको छ । राजनीतिमा आएको विकृति, भित्याइएको विसंगति र लोकतन्त्रलाई कुरुप पारिएको वा दुर्गतिविरुद्ध जनशक्तिले प्रहार गर्ने मौका हो यो । चुक्नु हुँदैन । चुकेपछि चुक्चुकाउनुको अर्थ नै के रहन्छ र ?

राजनीतिक शुद्धीकरणको लागि चुनावी पर्व मौका हो । समग्र राजनीतिको शुद्धीकरण । दलको, नेताको शुद्धीकरण । नेतृत्वको परिमार्जन । नेतृत्वको हस्तान्तरण । मतदाताले गर्दिन हस्तान्तरण । हराएर, जिताएर । यस्तो मौका र अवसर मतदाता नागरिकलाई छ प्रतिनिधि छनोटबाट । मौका छ- सुयोग्य पात्र वा दल छनोट गर्ने ।

सबभन्दा राम्रो, समावेशी र जनपक्षीय मानिएको अहिलेसम्मको प्रणालीमा प्रजातान्त्रिक, बहुदलीयता नै हो । दलीय राजनीतिको विकल्प छैन । दलीय राजनीतिमा जतिसुकै राम्रो सिंगारिए पनि स्वतन्त्रको हैसियत खासै रहँदैन । जति गरे पनि ऊ मूलधारबाट बाहिरै हो प्रभावहीन । विगतले पनि देखाएको यही हो ।

हाम्रो प्रणालीमा जित्ने त दलले नै हो । दलको चाहिं शुद्धीकरण गर्दिनुपर्छ, यो आवश्यक छ । स्वतन्त्र उमेदवारी प्रजातन्त्रले नै दिएको स्वतन्त्रता प्रतिकूल त मानिंदैन तर प्रजातन्त्रमा विकृतिको द्योतक चाहिँ हो यस्तो उमेदवारी ।

शुद्धीकरणको लागि मुक्त आलोचनात्मक चेत चाहिन्छ । त्यही चेतले निर्देशित गरेको मार्ग अवलम्बन गर्दा नै आलोचनात्मक चेतको मर्म र प्रभाव रहने हो । कुरा काट्नु चेतनाको प्रतीक हुँदैन । लिने आलोचनात्मक चेत, हिँड्ने अर्को बाटो त हामी कसैलाई पनि सुझाउँदैन ।

आलोचनात्मक चेतको विस्तार र प्रभावको लागि पनि लोकतन्त्र जो चाहिन्छ । लोकतन्त्रले नै राजनीतिमा विविध बहुलता चुन्ने, छान्ने र रोज्ने स्वतन्त्र अवसर दिएको छ । विचार होस् कि व्यक्ति रोज्ने स्वतन्त्र अवसर । पाँच वर्षमा आएको, पाएको अवसर खेर फाल्नु भएन । यो शुद्धीकरणको पर्व जो हो ।

मान्दै, मनाउँदै पर्वहरुलाई शुद्धीकरण र खुसी वा सुखी बनाउँदै जाने हो । राजनीतिक होस् कि अध्यात्म निर्देशित नै किन न हुन् । विकृतिहरुलाई न्यून पर्दै, नियन्त्रण गर्दै । समयलाई अग्रगामी शुद्धीकरण दिने हो । बुझिस्थाप, पर्व भनेकै यही त हो नि । शुद्धीकरणमै प्रयोग, उपयोग वा सदुपयोग गर्ने हो पर्वलाई । चाहे जुनसुकै पर्व होउन् । -बाह्खरीबाट

चीनमा सीको निरन्तरताले नेपालमा कस्तो प्रभाव पार्ला ?

चन्द्रलाल गिरी

अक्टोबर १६ देखि सुरु भएको चिनियाँ कम्युनिस्ट पार्टी (सीपीसी) को २० औं महाधिवेशन जारी छ । विश्वको दोस्रो आर्थिक तथा सैन्य शक्ति बनिसकेको चीनको सत्ताको नेतृत्व गर्ने एक मात्र पार्टी सीपीसीको अधिवेशनले चीनलाई कसरी अघि बढाउने भन्ने नीति तय गर्ने भएकोले यसलाई विश्वमा चासोको साथ हेरिएको छ ।

चीनमा सन् १९४९ देखि १९७६ सम्म २७ वर्ष माओ चेतुङको नेतृत्व रहयो । माओले मुख्यत विदेशी साम्राज्यवादबाट चीनलाई स्वतन्त्रता दिलाएको, आन्तरिक रुपमा सामान्तवादको अन्त्य गर्दै जनतालाई मुक्ति दिलाउने क्रान्तिको नेतृत्व गरेको र चीनलाई सुरक्षामा आत्मनिर्भर बनाउँदै स्वावलम्बन नीति अख्तियार गरेको भन्दै उनलाई सबैभन्दा शीर्ष नेताको सम्मान दिइन्छ ।

त्यसपछि १९७८ देखि २०१२ सम्म जम्मा ३४ वर्ष तेङ सियाओपिङको नीति रहयो । खासगरी खुल्ला अर्थनीति अंगालेर तेङको नेतृत्वमा चीन आर्थिक महाशक्ति भएको छ । तेङको कार्यकालमा अमेरिका र पश्चिमासँग सहकार्य गरेर चीनले मनग्य फाइदा लियो । चीनलाई विश्वको लगानीको केन्द्र बनाउन तेङले 'बिरालो कालो होस् वा सेतो तर मुसा मार्नुपर्दछ' भन्ने नीतिमार्फत चीनलाई मिश्रित अर्थतन्त्र भएको विशाल अर्थतन्त्रमा बदल्न सके। तेङले 'हाइड योर स्ट्रेन्थ, बाइड योर टाइम' अर्थात् 'समय नहुँदासम्म आफ्नो शक्ति लुकाऊ' भन्दै विदेशी शक्तिहरुसँग समन्वय र सहकार्यमा जोड दिए । छिमेकीहरुको आन्तरिक मामिलामा अहस्तक्षेपको नीति अघि बढाए । तेङको मृत्युपछि पनि चियाङ चेमिन र हु चिन्ताओले उनकै नीतिलाई निरन्तरता दिए ।

सी युगमा चीन

२०१२ यता चीनमा सी चिनफिङ युगको सुरुवात भएको छ । चीनमा सीलाई सर्वोच्च नेता (प्यारामाउन्ट लिडर)को सम्मान दिइएको छ । माओ र तेङकै हाराहारीमा स्थापित गर्ने गरी सीपीसीले सीलाई अघि बढाउन खोजेको देखिन्छ । सीपीसीको २० औं अधिवेशनबाट राष्ट्रपति सी नै तेस्रो कार्यकालका महासचिव र पुन: राष्ट्रपति हुने निश्चितजस्तै छ । सन् २०१७ मा भएको सीपीसीको १९ औं अधिवेशनबाट सीले अघि सारेको विचारलाई संविधानमा समावेश गर्दै सी विचारधाराको व्याख्या समेत गरिएको छ । सीपीसीको विधानअनुसार दुई कार्यकालसम्म चीनको राष्ट्रपति हुने प्रावधान र ६७ वर्षको उमेर हद पार गरेपछि नेतृत्वबाट अवकाश लिने अनौपचारिक नियम बदल्दै सीको हकमा १९ औं अधिवेशनले आजीवन नेतृत्वमा रहन सक्ने बाटो खोलिदिएको थियो । शान्तिपूर्ण रुपमा उदाएको चीनलाई विश्वको महाशक्तिमा स्थापित गर्ने उदेश्यले सीले सन् २०१३ मा राष्ट्रपति भएसँगै विश्वमा बेल्ट एन्ड रोड इनिसियटिभ (बीआरआई) अघि बढाए । बीआरआई परियोजनामा अमेरिका, युरोपेली देशहरु, जापान र भारतसमेतले नयाँ परियोजनामार्फत प्रतिस्पर्धा गर्दै चुनौती दिएपछि केही संशोधनसहित महाधिवेशनपछि बीआरआईको नयाँ संस्करण जारी हुने ठानिएको छ । यसका अतिरिक्त सीको नेतृत्वमा सन् २०२२ मा चीनले ग्लोबल सेक्युरिटी इनिसियटिभ (जीएसआई) र ग्लोबल डेभलपमेन्ट इनिसियटिभ (जीडीआई) परियोजनाहरु अघि सारेको छ । जीएसआई इन्डो-प्यासिफिक स्ट्राटेजी (आईपीएस) र जीडीआईलाई एमसीसीसँग प्रतिस्पर्धा गर्न चीनले अघि बढाएको विश्लेषण हुन थालेको छ ।

सी विचारधारात्रि 'चिनियाँ चरित्रको समाजवाद', चीनको राष्ट्रिय पुनरुत्थान अर्थात् कायाकल्प, 'चिनियाँ सपना' जस्ता पदावालीहरु समेटिएका छन् । चिनियाँ चरित्रको समाजवादमा सीले धनी र गरिबबीचको खाडल घटाउने नीति अख्तियार गर्दै माओसँग मिल्ने तर अलि फरक चरित्रको समाजवाद चीनमा स्थापित गर्न चाहेका छन् । चीन १९ औंदेखि १८ औं शताब्दीको सुख्यातसम्म विश्वको पहिलो आर्थिक र विश्वशक्ति थियो । विश्वको जीडीपीको ३० प्रतिशतभन्दा ठूलो हिस्सा चीन एक्लैले ओगटेको थियो । पाँच सय बीसी भन्दाअघि पनि चीनको वैभव र समृद्धि विश्वकै अनुपम मानिन्थ्यो । आफ्नो छुट्टै भूगोल, संस्कृति र सभ्यतासहितको पहिचान भएको चीनको पुनरुत्थान अर्थात् कायाकल्प फेरि सम्भव छ भन्ने सपना सीले चिनियाँ जनतामाझ स्थापित गरेका छन् ।

जनगणतन्त्र चीन स्थापनाको १०० वर्ष अर्थात् सन् २०४९ मा चीनलाई बलियो, लोकतान्त्रिक, सभ्य, मैत्रीपूर्ण र आधुनिक समाजवादी मुलुक बनाउने चिनियाँ कम्युनिस्ट पार्टीको लक्ष्य हो । यसलाई नै चिनियाँ सपना भनिएको हो । चिनियाँ सपनालाई पुरा गर्ने साधनको रुपमा बीआरआई परियोजनालाई अघि बढाइएको छ । सन् २०३५ सम्म चीनलाई मध्यम आय भएको विकसित मुलुक बनाउने र सन् २०४९ सम्ममा चीनलाई महाशक्ति राष्ट्र घोषणा गर्ने लक्ष्य राखिएको छ । सीले आन्तरिक रुपमा निर्यातमुखी अर्थतन्त्रलाई आत्मनिर्भर बनाउने, विकासमा चीनको पश्चिम भूगोललाई पनि पूर्वको समुद्री तटीय क्षेत्रको जस्तै सन्तुलनमा ल्याउने, आन्तरिक एकता, चिनियाँ राष्ट्रियताको जागरण अर्थात् ताइवानको एकीकरण गर्दै विश्वको पहिलो शक्ति बन्ने लक्ष्यलाई पनि समावेश गरिएको छ । यिनै लक्ष्य प्राप्त गर्न सी विचारधारामा राष्ट्रिय सुरक्षा पहिलो प्राथमिकतामा परेको हुनुपर्दछ ।

गाउँ र सहरबीचको खाडल पुर्ने, धनी र गरिबबीचको अन्तर घटाउने अर्थात् गरिबी निवारण तथा भ्रष्टाचार उन्मूलन सीका प्रमुख लक्ष्यहरु हुन् । सीको १० वर्षको कार्यकलमा करिब ७ करोड जनता गरिबीको रेखाबाट माथि उठे । भ्रष्टाचार नियन्त्रणमा सीले आक्रमक नीति अख्तियार गर्दै सीपीसीका उच्च तहका नेताहरुलाई समेत कारबाही गरिरहेका छन्, भलै त्यसलाई पार्टीभित्रका विपक्षीलाई कमजोर बनाउने सीको चालका रुपमा पनि केहीले व्याख्या गर्ने गरेका छन् । सीले विदेश नीति पनि परिवर्तन गर्दै अएका छन् । उनले माओको जस्तै अन्तर्राष्ट्रिय रुपमा कम्युनिस्ट पार्टीहरुबीचमा भाइचारा नीति बढाउने प्रयास थालेका छन् । सीले तेङको जस्तो दबिएर नबस्ने विदेश नीति लिएका छन् । देखिने, सुनिने र दबिएर नबस्ने सीको विदेश नीति छ । आफू अरुमाथि आक्रमण नगर्ने तर अरुले गरे कडा जवाफ दिने सीको नीतिले चीन र अमेरिकाबीच अहिले देखिने गरी तनाव बढ्न थालेको छ ।

परिचमा दृष्टिकोणमा चीन

'चीनलाई सुत्न देऊ, जब ऊ बूँझन्छ, उसले संसारलाई हल्लाउनेछ ।' विशेष गरी अमेरिका र युरोपेली देशहरुले चीनलाई १९ औं शताब्दीको सुरुमा नेपोलियन बोनापार्टले चीनका बारेमा दिएको भनिएको यही अभिव्यक्तिका अधारमा हेर्ने गरेका छन् । चीन जाग्ये भने हाम्रो वर्चश्वको लागि खतरा हो भन्ने बुझाइ बोनापार्टदेखि अमेरिकी लेखक तथा प्राध्यापक फ्रान्सिस फुकुयामा र वर्तमान अमेरिकी राष्ट्रपति जो बाइडेनदेखि कतिपय युरोपेली नेताहरुमा समेत देखिन्छ ।

अमेरिकी समाजशास्त्री ब्यारिन्टन मुर्रेले लोकतन्त्रको लागि मध्यमवर्ग र पुँजीको विकासलाई अनिवार्य सर्त मानेका छन् । चीनसँग सहकार्य गर्दा पुँजीको विकासर्सगै चीनमा लोकतन्त्र स्थापनाका लागि सहयोगी हुनेछ भन्ने पश्चिमाहरुको विश्वास अहिलेसम्म आउँदा पुरा हुन पाएको छैन् । अहिले चीन विश्वकै ठूलो मध्यम वर्ग भएको मुलुक र पुँजीको बजार हो तर चीनको राजनीतिक प्रणाली अझै पनि कम्युनिस्ट पार्टीको नियन्त्रण कसिलो बन्दै ७३ वर्ष पार गरिसकेको छ । अझ सीले कम्युनिस्ट पार्टीको स्थापना भएको १०० वर्षमा चीनलाई विश्वकै सबैभन्दा शक्तिशाली र सभ्य मुलुक बनाउन 'चिनियाँ सपना' घोषणा गरेसँगै पश्चिमाका लागि चीन मुख्य प्रतिस्पर्धी मुलुक बनेको छ ।

'डेस्टिन्ड फर वार'मा ग्राह्म एलिसन भन्छन्- 'चीन र अमेरिका 'थुसिडिडिज ट्रयाप' (उदाउँदो शक्तिले विद्यमान महाशक्तिलाई विस्थापित गर्न खोज्दा हुने द्वन्द्व) मा फस्ने खतरा अधिक छ ।' एलिसनको अध्ययनले विश्वमा उदाउँदो शक्ति र परम्परागत शक्तिबीचमा शक्ति हस्तान्तरण हुँदा संरचनागत दबाब र एकले अर्कोको अस्तित्वलाई नस्वीकार्ने समस्याका कारण युद्ध हुने सम्भावना बढी भएको देखाएको छ । एलिसनले इतिहासमा १७ वटा शक्ति हस्तान्तरण भएका घटना अध्ययन गरेका थिए । जसमा स्पार्टा र रोम हुँदै बेलायतबाट अमेरिकासम्म शक्ति हस्तान्तरण हुँदा १२ वटा शक्ति परिवर्तन युद्धमा पुगेर टुंगिएको थियो । पाँच वटा शक्ति परिवर्तन भने शान्तिपूर्ण रुपमा भएका थिए । सीले शान्तिपूर्ण रुपमा नै शक्ति परिवर्तन गर्न चाहेका छन् ।

तर चीन र अमेरिकाबीच विज्ञान र प्रविधि, व्यापार, सामरिक, राजनीतिक व्यवस्थाजस्ता अनेक क्षेत्रमा कडा प्रतिस्पर्धा हुन थालेको छ । साउथ चाइना सी, ताइवान, हङकङ, तिब्बत र सिन्जियाङजस्ता चीनको आन्तरिक मामिलामा अमेरिकाले हस्तक्षेप गर्न थालेको भन्दै चीनले कडा रुपमा देखिने र सुनिने गरी प्रतिकार गर्न थालेको छ । सीले बीआरआइमार्फत शान्तिपूर्ण रुपमा शक्ति एसियातिर अर्थात् मुख्यत चीनमा ल्याउने जुन घोषणा गरेका छन् त्यो कति सम्भव होला, त्यो शान्तिपूर्ण होला वा युद्धमार्फत अहिले नै भन्न सकिने अवस्था छैन ।

तर सीपीसीले चीनभित्र देखिएका आन्तरिक समस्याको व्यवस्थापन गर्न र बाह्य रुपमा विदेशी हस्तक्षेपलाई निस्तेज पार्दै चीनको कायाकल्पसहितको पुनरुत्थानको लागि बलियो र स्थापित नेतृत्वको खाँचो महसुस गर्दै सीलाई नै तेस्रो पटक नेतृत्वमा ल्याउने तयारी थालेको छ ।

चीनमा सीको नेतृत्व पुन: स्थापित हुँदा नेपालमा के असर पर्ला त ? यसबारे थोरै चर्चा गरौं । सन् २०१९ अक्टोबरको दोस्रो साता २३ वर्षपछि चिनियाँ राष्ट्र प्रमुखको हैसियतमा राष्ट्रपति सीले नेपाल भ्रमण गरे । उनी भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीजस्तै नेपाललाई नजिकबाट चिन्ने र चासो राख्ने चिनियाँ राष्ट्र प्रमुख हुन् । सीको तेस्रो कार्यकालमा नेपालसँगको सम्बन्ध कस्तो बन्ला, त्यो अहिले नै आकलन गर्नु हतार हुनसक्छ । तर चीन-नेपाल सम्बन्धमा सीले जोड दिएका केही पक्षहरुलाई हेर्दा सीको निरन्तरतासँगै नेपालमा मुख्यत: चार वटा क्षेत्रमा प्रभाव पर्ने देखिन्छ ।

१. **चीन-अमेरिका प्रतिस्पर्धा**

पहिलो, नेपालमा चीन र अमेरिकाबीचमा कडा प्रतिस्पर्धा हुनेछ । सीले देखिने, सुनिने र नदबिने विदेश नीति लिएसँगै अमेरिका-चीन सम्बन्ध प्रतिस्पर्धामा परिणत भइसकेको छ । नेपालमा पनि चीन-अमेरिका प्रतिस्पर्धा बीआर आई, आईपीएस, एमसीसी र एसपीपीमार्फत हुन थालेको देखिन्छ ।

२. **नेकपा पुनर्गठन**

सीले कम्युनिस्ट पार्टीहरुका बीचमा अन्तर्राष्ट्रिय भाइचारा सम्बन्ध बढाउने नीति लिएका छन् । राष्ट्रपति सीको नेपाल भ्रमणअघि तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) र सीपीसीबीच प्रशिक्षणात्मक कार्यक्रम काठमाडौंमा राखियो ।

नेकपाको गठनमा चिनियाँ भूमिका रहेको कुरा नेपालका लागि तत्कालीन भारतीय राजदूत रञ्जित रे र नेपाली कांग्रेसका नेताहरुले समेत विश्लेषण गरिसकेका छन् । नेकपा विभाजनबाट नेपालका लागि चिनियाँ राजदूत होउ यान्छीको सक्रियता र अहिले नेकपाको पुन:एकताको लागि चीन सक्रिय छ भन्ने बुझाइ काठमाडौंका केही कूटनीतिज्ञ र राजनीतिक दलहरुमा छँदैछ ।

३. **नेपालको विकासमा साझेदारी**

चीन नेपालको पूर्वाधारको विकासमा पहिलेदेखिकै साझेदार हो । तर राष्ट्रपति सीको नेपाल भ्रमणको समयमा नेपाल-चीन सम्बन्धलाई रणनीतिक साझेदारको रुपमा परिभाषित गरियो । विकासको सन्दर्भमा बृहत् साझेदारीबाट रणनीतिक साझेदारीमा नेपाल-चीन सम्बन्ध बिस्तार भएको छ ।

सीले नेपाल भ्रमणको बेला ५६ अर्ब रुपैयाँ अनुदान घोषणा गरेका थिए भने नौ वटा बीआरआईअन्तर्गतका परियोजनामा छलफल भएको थियो । सीले केरुङ-काठमाडौं रेलमार्गलाई प्राथमिकतामा राखेर नेपालसँग छलफल गरेका थिए । बीआरआई परियोजनाबाहेक पनि चीनले नेपालको पूर्वाधार, प्रविधि हस्तान्तरण, कृषिको आधुनिकीकरणजस्ता क्षेत्रमा सहयोग गरिरहेको छ । चिनियाँ लगानीले भारतलाई समेत उछिन्ने अवस्था बनेको छ ।

४. **सुरक्षा चासोमा वृद्धि**

नेपालमा चीनको सुरक्षा चासो पनि थप बढ्न थालेको छ । नेपालमा हुने चीनविरोधी गतिविधि रोक्न मात्र होइन, चिनियाँ लगानीको सुरक्षामा पनि चिनियाँ चासो बढ्न थालेको पाइन्छ । चिनियाँ राष्ट्रपति सी नेपाल भ्रमणमा रहँदा चीनले नेपालसँग सुपुर्दगी सन्धि गर्ने तयारी गरेको थियो । सो सन्धि विदेशी दबावमा रोकिएको निष्कर्ष निकाल्दै सीले नेपाली भूमिबाटै चीनको सुरक्षामा दखल दिनेलाई धुलिसात पार्ने चेतावनी दिएका थिए । यसबाट थाहा हुन्छ कि तिब्बतको सुरक्षाको लागि नेपालमार्फत हुने गतिविधिलाई सीले कति संवेदनशील रुपमा लिएका छन् ।

-साभार: अनलाइन

भाइटीकामा दाजुभाइलाई मिठाइ होइन 'ड्राइफ्रुट्स' दिऔं

काठमाडौं/ तिहारको भाइटीकामा दाजुभाइलाई विभिन्न प्रकारका मिठाइहरु दिने चलन छ । तर पोषणविद् प्रा.डा. उमा कोइराला भने तिहारको भाइ मसलामा मिठाइको सट्टा थप ड्राइफ्रुट्स दिन सुझाव दिन्छिन् ।

मिठाइले स्वास्थ्यलाई हानी पुऱ्याउने डा. कोइराला बताउँछिन् । 'बजारमा पाइने मिठाइमा चिनीको मात्रा अधिक हुन्छ । मिठाइ बनाउँदा प्रयोग गरिने सामानमा अखाद्य वस्तुको मिसावट हुन्छ । त्यसैले मिठाइको सट्टामा भाइ मसला स्वास्थ्यका लागि धेरै उपयुक्त हुन्छ,' उनले भनिन् । स्वादका नाममा मिठाइ खाने गरिए पनि स्वास्थ्यका हिसाबले घातक हुने डा.कोइराला बताउँछिन् । अखाद्य वस्तु मिश्रित परिकार खाँदा स्वास्थ्यमा प्रत्यक्ष असर पुऱ्याउने भएकाले स्वादिलो भए पनि सकेसम्म त्यस्ता वस्तु नखान उनको सुझाव छ ।

यस्ता मिठाइ धेरै रोगीले नखाऔं

तिहारमा विशेष गरेर मिठाइको किन्नेक्रेय बढी हुन्छ । रङबिरङी विभिन्न प्रकारका मिठाइ बजारमा पाइन्छ । यसरी विभिन्न रङ राखेर बनाइएका मिठाइ खाँदा स्वास्थ्यमा गम्भीर असर पार्ने कोइरालाको भनाइ छ । अखाद्य रङ राखेर बनाइएका मिठाइले बोसो बढाउने, कलेजो, मुटु, मिर्गौला र पेटमा समेत हानी पुऱ्याउने उनी बताउँछिन् । उच्च रक्तचाप, मिर्गौला, मधुमेह, मुटु रोगीले गुलिया खानेकुरा खान हुँदैन । त्यसैले तिहारमा मिठाइको सट्टा ड्राइफ्रुट्स नै दाजुभाइलाई दिन दिदीबहिनीसमक्ष उनको आग्रह छ ।

काजु, बदाम, पेस्ता, किसमिस, ओखर, अन्जिर, छोकडा मधेसी बदाम लगायतका ड्राइफ्रुट्स भाइ मसलाको रूपमा दिने चलन छ । यी ड्राइफ्रुटसबाट पर्याप्त मात्रा पोषण तत्त्व प्राप्त गर्न सकिने केद्दरला बताउँछिन् । 'सन्तुलित तवरले ड्राइफ्रुट्स्लाई मिलाएर खाएमा स्वास्थ्यलाई धेरै फाइदा गर्छ ।

तिहारमा मात्रै ड्राइफ्रुट्सलाई प्राथमिकता नदिएर अरुबेला पनि खान उपयुक्त हुन्छ,' उनी भन्छिन् । शरीरलाई स्वास्थ्य र तन्दुरुस्त बनाउन नियमित रूपमा सन्तुलन मिलाएर खानुपर्ने उनको भनाइ छ । यी ड्राइफ्रुट्सबाट शरीरलाई चाहिने खनिज, भिटामिन, आइरन, कपर, पोटासियम, फस्फोरस, जिंक, एन्टिअक्सिडेन्ड आदि तत्त्व प्राप्त गर्न सकिने भएकाले सलादको रूपमा समेत खान उनी सुझाव दिन्छिन् ।

ड्राइफ्रुट्स लामो समयसम्म रहन्छ । पौष्टिक तत्त्व पाइने ड्राइफ्रुट्स नियमित रूपमा खान सकिन्छ । तिहारमा नभई नहुने ओखरमा अधिक मात्रा खनिज, भिटामिन, फाइबर, प्रोटिन र ओमेगा थ्री पनि पाइन्छ । ओखरले दिमागलाई तेज बताउन सहयोग गर्ने पोषणविद् डा. कोइरालाको भनाइ छ । ओखर चाडपर्वमा मात्रै नखाएर नियमित खाँदा स्वास्थ्यमा फाइदा पुग्ने उनले बताइन् ।

यस्तै, छोकडामा आइरन अनि मिनरलस, फस्फोरस भिटामिन प्रशस्त मात्रामा प्राप्त गर्न सकिन्छ । यस्तै, शरीरका लागि चाहिने फाइबर, पोटासियम, क्याल्सियम लगायत पनि छोकडामा पाइन्छ । यो बढी खाँदा शरीरको रगतमा ग्लुकोजको मात्रा बढी हुने भएकाले थकाइ बढी लाग्ने हुन्छ । काजु, बदाम, पेस्ता, किसमिस, ओखर, अन्जिर, छोकडा, मधेसी बदामबाट शरीरलाई चाहिने विभिन्न पौष्टिक तत्त्व पाइन्छ ।

धेरै ड्राइफ्रुटस खाँदा स्वास्थ्यमा समस्या हुन्छ ?

ड्राइफ्रुटसमा धेरै प्रोटिन हुन्छ । त्यसैले एकै पटक धेरै ड्राइफ्रुटस खान हुँदैन । ड्राइफ्रुटस आवश्यकभन्दा बढी खाँदा वाकवाक हुने, पाचन प्रणालीलाई खराब बनाउन सक्छ । बढी मात्रामा ड्राइफ्रुटस खाँदा तौल पनि बढ्छ । त्यसैले दैनिक रूपमा बदाम ६/७ दाना, काजु ५/६ दाना, नरिवलको सानो सानो ५/६ वटा टुक्रा बनाइ मिलाएर खानुपर्छ । -साभार: रातोपाटी

'डिसेम्बर फल्स' पोस्टर: आर्यनको रौद्र रुप, उपासना घाइते नर्स

काठमाडौं/ फिल्म 'डिसेम्बर फल्स'को प्रदर्शन मिति घोषणा गरिएको छ । शुक्रवार निर्माण टिमले दुई पोस्टर सार्वजनिक गर्दै आगामी पुष १५ गतेलाई प्रदर्शन मिति तोकेको हो । सार्वजनिक दुई पोस्टरमध्ये एउटामा अभिनेता आर्यन सिग्देलको रौद्र रुप देख्न सकिन्छ भने अर्को पोस्टरमा अभिनेत्री उपासना सिंह ठकुरी नर्सको पोशाकमा रगताम्मे हातले एउटा आँखा छोपेको अवस्थामा प्रस्तुत छिन् ।

प्रविण झा निर्देशित फिल्मको दुई पोस्टर आकर्षक छन् । दर्शकको ध्यान खिच्ने हिसाबमा पोस्टर तयार पारिएको छ । आर्यनको रिसाहा लुक्स र अस्पतालमा आर्मीको सुरक्षा घेरामित्र घाइते रुपमा प्रस्तुत उपासनाको चरित्र चित्रणले फिल्मप्रति कौतुहलता सृजना गर्न सफल छ । यी दुई पोस्टरले यो फिल्मको टिजर र ट्रेलरको प्रतिक्षा बढाएको छ । फिल्मलाई महेश आर गुप्ताले खिचेका हुन् ।

फिल्ममा आर्यन र उपासनाका अलावा सलोन बस्नेत, शिवहरी पौडेल, नगेन्द्र रिजाल, शिशिर राणा, गीता अधिकारी, प्रभात पल ठकुरी, नरेश भट्टराई, सुमन थापालगायतको अभिनय रहेको छ । रोमान्टिक-थ्रिलर जनरामा निर्माण भएको फिल्मका प्रस्तुतकर्ता तथा निर्माता राम प्रसाद रिजाल हुन् । फिल्मका गीतमा सुशान्त गौतम, प्रतिक पौडेल, दीपक शर्मा र कोशिश क्षेत्रीको संगीत छ । लक्ष्मण रिजाल र अमिस काले कार्यकारी निर्माता रहेको फिल्मको निर्माता राज कुमार भट्ट हुन् । बनिश शाहले सम्पादन गरेको यो फिल्मको पटकथा तथा संवाद केदार भुषाल र प्रतिक पौडेलले तयार पारेका हुन् । फिल्मको युट्युब र अप्टेलिया राइट्स एक्वेशन एन्ड म्याजेसन कर्नरले किनिसकेको छ । यस फिल्मलाई श्रीराम बलाजी फिल्मस्का सुनिल मानन्धरले वितरण गर्नेछन् ।

विश्वकप फुटबल प्रसारण हिमालय टीभीबाट

काठमाडौं/ विश्वकप कतार २०२२ का सबै खेलहरु हिमालय टेलिभिजन एचडीबाट प्रसारण हुने भएका छन् ।

हिमालय टेलिभिजनबाट दुईवटा च्यानलबाट खेलहरु प्रसारण गर्नेगरी तयारी थालिएको हिमालय टेलिभिजनका कार्यकारी निर्देशक श्याम कँडेलले बताए ।

'विश्वकपजस्तो ठूलो कन्टेन्ट देखाउन पाउनु टेलिभिजनका लागि आफैंमा ठूलो अवसर हो,' टेलिभिजनका कार्यकारी निर्देशक कँडेलले भने, 'त्यसैले नेपालको प्रसारण अधिकार पाएको मिडिया हबसँग प्रसारण शुल्क नलिई ६४ वटै खेल देखाउन तत्पर भएका हौं ।'

ग्राहकले तिर्ने अतिरिक्त शुल्क एवं विज्ञापनबाट हुने आम्दानी मिडिया हब र केबल वितरकबीच साझेदारी हुने र हिमालय टेलिभिजनले कुनै शुल्क नलिने समझदारी भएको समेत उनले बताए ।

फिफाले यसपटक दक्षिण एशियाली देशहरुमा जियो लक सहितको एक्सक्लुसिभ प्रसारण अधिकार दिएपछि नेपालमा विदेशी च्यानलले खेल देखाउन पाउने छैनन् । फिफाले आधिकारिकता दिएको नेपाली च्यानलबाट मात्र विश्वकपका खेलहरु हेर्न पाइने छ । नेपालको प्रसारण अधिकार मिडिया हबले खरिद गरेको छ ।

एक्सक्लुसिभ अधिकारका कारण यसपटक नेपालका लागि फुटबल राइट्सको मूल्य अघिल्लोपटक भन्दा ६ गुणा महँगो परेको मिडिया हबका अध्यक्ष सोमप्रसाद धिताललेबताउँछन् । धितालका अनुसार योपटक प्रसारण अधिकारका लागि मात्र २५ करोड रुपैयाँभन्दा धेरै तिर्नुपरेको छ । प्राविधिक र अन्य खर्च जोड्दा ४२ करोड रुपैयाँभन्दा धेरै खर्च हुने उनले बताए ।

विश्वकप हेर्न ग्राहकले ५ सय रुपैयाँ तिर्नुपर्ने !

विदेशी च्यानलमा हेर्न नमिल्ने गरी नेपालभित्र एक्सक्लुसिभ अधिकार लिँदा ठूलो लगानी गर्नुपरेका कारण यसपटक 'पे पर भ्यू' मोडलमा विश्वकप देखाउन लागिएको धितालले जानकारी दिए ।

'अघिल्ला विश्वकपमा विदेशी च्यानलले देखाउँथे, उनीहरुका प्याकेज किन्न नेपालका एमएसओ र केबल वितरकहरुले अर्बौं रुपैयाँ तिर्नु पर्दथ्यो, यसपटक किन विदेशी च्यानललाई दिने, पे मोडलमा हामी आफैं काम गरौं भन्ने लागेर एक्सक्लुसिभ अधिकार लिएका हौं,' धितालले भने, 'यसमा टेलिभिजन सिग्नल वितरक साथीहरुले पनि उत्साह थपिदिनुभएको छ ।'

विश्वकपजस्ता ठूला खेल कन्टेन्ट निकै महँगो हुने विज्ञापनबाट मात्र खर्च उठाउन गाह्रो हुने भएकाले पछिल्ला दिनमा सबैजसो मुलुकमा खेलअनुसार पैसा लिने मोडलमा प्रसारण हुन थालेको धिताल बताउँछन् ।

त्यसो हुँदा विश्वकप हेर्न चाहनेले मात्र सब्सक्राइब गर्ने र हेर्न नचाहनेहरुलाई अतिरिक्त शुल्कको भार नपर्ने उनी बताउँछन् ।

नेपालमा विश्वकप देखाउन चाहने टेलिभिजन सिग्नल वितरक कम्पनीहरुलाई मिडिया हबले आह्वान गरिसकेको छ । जसअनुसार अहिलेसम्म नेट टीभी र भायनेटले विश्वकप प्रसारणका लागि सम्झौता गरिसकेका छन् । डिसहोम, सुबिस, लगायतका एमएसओ र आईपीटीभी सेवा प्रदायकहरुसँग सघन कुराकानी भइरहेको र छिटै सम्झौता हुने धितालले जानकारी दिए ।

'सबै एमएसओ र केबललाई साथमा लिएर काम गर्न खोजिरहेका छौं,' धितालले भने, 'नेपाली टेलिभिजन उद्योग र विज्ञापन बजार चलायमान बनाउने यो अवसरलाई सबै मिलेर सफल बनाउँछौं ।'

विश्वकप हेर्न चाहने दर्शकले अहिलेदेखि नै आफ्ना केबल वितरक वा सेवा प्रदायकसँग कुरा गरेर ग्राहक बन्न सक्ने मिडिया हबले जनाएको छ ।

सन् १९९८ देखि नेपालमा विश्वकप प्रसारणको अधिकार निरुन्तर रुपमा मिडिया हबले लिँदै आएको छ ।

यसपटक नयाँ मोडलमा काम गर्नका लागि टेलिभिजन उद्योगका विभिन्न स्टेकहोल्डरसँग सहकार्य गर्न लागिएको धितालले बताए ।

-साभार: अनलाइनखबर

हात्तीको आक्रमणबाट एकको मृत्यु

बर्दिया/ बर्दियाको बारबर्दिया-७ मा जंगली हात्तीको आक्रमणमा परी ५० वर्षीय सोलिराम थारूको मृत्यु भएको छ ।

पूर्व पश्चिम महेन्द्र राजमार्ग नजिकै 'मर्निङ वाक' मा निस्केको बेला थारू हात्तीको आक्रमणमा परेको जिल्ला प्रहरी कार्यालय बर्दियाका नायब उपरीक्षक हिक्मतबहादुर बोहोराले जानकारी दिए । पछिल्लो समयमा बर्दियामा जंगली जनावरको आक्रमण बढ्दो रहेको छ । -साभार: रातोपाटी

२ महिनामा डेढ करोडको भन्सार छलीका सामान बरामद

वीरगञ्ज/ सशस्त्र प्रहरी बल वीरगञ्ज आउट पोस्टले दुई महिनामा १ करोड ५७ लाख १७ हजार ४ सय ५७ रुपैयाँको सामान बरामद गरेको छ । भदौमा ७९ लाख ८० हजार ३ सय र असोजमा ७७ लख ३७ हजार १ सय ५७ रुपैयाँ बराबरको भन्सार छलीका सामग्री बरामद भएको हो ।

भन्सार छलेर हुने अवैध चोरी तस्करी नियन्त्रण गर्ने क्रममा वीरगञ्ज महानगरपालिका- १६ भन्सार रोड, इनर्वा, रजतजयन्ती, भुटनदेवी लगायतका क्षेत्रबाट उक्त सामग्री बरामद गरिएको सशस्त्र प्रहरी निरीक्षक रवीन्द्र भट्टले जानकारी दिए । यसरी बरामद गरिएका सामान आवश्यक कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालयमा बुझाउने गरिएको उनले बताए ।

यो आउट पोस्टको क्षेत्रमा वीरगञ्ज-रक्सौल नाका पर्छ । खुल्ला सीमाका कारण मुख्य नाका आसपासका चोर बाटोबाट भन्सार छलेर अवैध रुपमा माल समान ल्याउने गरिन्छ ।

दिनमा भन्दा मध्य राति वा एका बिहानै लत्ता कपडा, मोटर पार्टस्, हार्डवेयरका सामान, इलेक्ट्रिक सामग्री, राजनिवास, रजनीगन्धा गुट्खा, किराना सामान, कस्मेटिक सामान तरकारी, पटाका जस्ता सामग्री चोरी तस्करी बढी हुने गरेको छ । कुनैपनि किसिमबाट हुने अवैध चोरी तस्करी नियन्त्रणका विभिन्न योजना बनाएर काम गरिरहेको सशस्त्र प्रहरी निरीक्षक भट्टले बताए ।

असनमा तिहारको व्यापार: उपभोक्तामा खुसी, व्यावसायीहरूको गुनासो

काठमाडौं/ हिन्दु नेपालीको दोस्रो ठुलो चाड तिहार नजिकैदै जाँदा काठमाडौंको न्युरोड, असन, इन्द्रचोकलगायतका क्षेत्रमा भीडभाड बढ्दै गएको छ । तिहारका लागि किनमेल गर्न असन, इन्द्रचोकलगायतका क्षेत्र उपभोक्ताको पहिलो रोजाइमा पर्ने क्षेत्र पनि हुन् ।

तिहारमा विशेषगरी धातुजन्य सामाग्री तथा फूलमाला, भाइमसला (काजु, किसमिस, बदाम, नरिवल, जिन्जर लगायतका वस्तु) र झिलिमिली बत्तीको खरिदका लागि उक्त क्षेत्रमा उपभोक्ताको भीड लाग्ने गरेको छ भने, यसबाहेक, लत्ताकपडा र जुत्ता चप्पलको खरिदका लागि उक्त क्षेत्रमा चहलपहल राम्रै हुने गरेको छ ।

तिहारमा धनतेरषका दिन विशेष गरे धातुजन्य सामग्रीको खरिद गर्ने र लक्ष्मी पूजाका दिन पूजा गर्ने चलन रहेको छ । यसले सुनचाँदी तामा लगायतका धातुजन्य सामग्रीको व्यापार ह्यत्ती बढ्ने गरेको पाइन्छ । असन स्थित स्थानीय धातुजन्य भाँडा व्यवासायी सीताराम तिमल्सिना भन्छन्- 'धन तेरसका दिन धातुजन्य सामग्री खरिद गर्दा राम्रो हुन्छ भन्ने जनविश्वास छ । त्यसैले तिहारमा राम्रो व्यापार हुने गरेको छ', उनी थप्छन्, 'वर्षभरिमै तिहारमा राम्रो व्यापार हुन्छ र यो पटक पनि उपभोक्ताको फ्लो बढिरहेको छ ।'

अर्कातिर्फ तिहारमा फूलमाला, भाइमसला तथा भाइ टीकाको दिन आवश्यक पर्ने सामग्री तथा लत्ता-कपडाका लागि पनि उपत्यकाका विभिन्न ठाउँबाट उपभोक्ताहरू असन इन्द्रचोक धाउने गरेका छन् । कलंकीकी सावित्री तिवारी विगत तीन दशकदेखि चाडपर्व लक्षित किनमेलका लागि सोही क्षेत्रमा आउने गरेकी छिन् ।

तिवारी भन्छिन्- 'विगत ३०/३५ वर्षदेखि यही क्षेत्रमा निमेलका लागि आउने गरेकी छु । यसपटक सारीलगायतका सामारी खरिद गरैं, उनले यसपटक असनलाई केहि भिन्न पाएको भन्दै खुसीसमेत व्यक्त गरिन् , 'बाटो खुल्ला रहेछ । सँधै जस्तो ठेलमठेल पनि छैन अनि बाटोमा तँछाडमछाड पनि नहुँदा हिँडडुलमा सहज रहेछ खुसी लाग्यो ।'

तिवारीले भने भैं यो वर्ष काठमाडौं महानगरले असन, इन्द्रचोकलगायतका क्षेत्रलाई व्यवस्थित बनाएको छ । फुटपाथ व्यापारले असनदार रहने उक्त क्षेत्रमा आवतजावत सहज हुँदा तिवारीजस्तै अन्य उपभोक्ता पनि दंग छन् । तर, महानगरले फुटपाथ पसलहरूमा कडा निगरानीसहित प्रतिबन्ध लगाउँदा कतिपय त्यहाँका सटर व्यवसायीहरू नै असन्तुष्ट छन् । स्थानीय कपडा व्यवसायी हरिप्रसाद न्यौपाने भन्छन्, 'सधैं फुटपाथमा सबै सामग्री पाउँथ्यो र उपभोक्ताहरू सटरमा पनि पस्नुहुन्थ्यो । व्यापार अलि बढी थियो । अहिले त्यो नहुनाले उपभोक्तको 'फ्लो' नै कम छ । व्यापार सधैं जस्तो उल्लेख्य छैन ।' उनी जस्तै अर्का नवि हसन भन्छन्, 'धेरै व्यापार नै छैन । पहिले सटरबाट बाहिरसम्म समान राख्न पाइन्थ्यो । मान्छे त्यो देखेर आउँथ्यो तर, यसपटक बाहिर राख्न पनि पाइँदैन । दिनको चार-पाँच हजारको व्यापार हुन्छ, यसले धान्न सक्ने अवस्था नै छैन ।'

यस्तै तिहारका लागि चाहिने रङ, माला तथा पूजा सामग्रीको व्यापार गर्दै आएका दर्शन दास पनि महानगरको कडा निगरानीका कारण दुःखी बनेका छन् । यसअघि फुटपाथमा व्यापार गरेर घर खर्च टार्ने गरेको भएपनि महानगरले गर्दा अरुकै पसलको छेउमा भाडा तिरेर बेच्नु परेको व्यापार पनि कम हुने गरेकोले मार्का परेको उनको गुनासो छ । -साभार:रातोपाटी

रानीमहल नियाल्दै ऱ्याफ्टिङ सरर

तानसेन/ बाँके नेपालगञ्जका सुदीप पौडेललाई रानीमहल भ्रमण गरेपछि साहसिक जलयात्रा (ऱ्याफ्टिङ) नखेली मनले मानेन ।

पहिलो पटक रानीमहल आउनुभएका पौडेलले बर्सातको भेलसँगै कालीगण्डकी नदीमा ऱ्याफ्टिङको आनन्द लिए ।

'पहिला त निकै डर लागेको थियो, पछि आनन्द महसुस भयो', पौडेल भन्छन्, 'प्रकृतिसँग रमाउँदै पानीमा डुबुल्की मार्न रानीमहल क्षेत्र राम्रो गन्तव्य रहेछ ।'

तानसेन नगरपालिकाबाट १३ किलोमिटर उत्तरतर्फ रहेको रानीमहल ढुङ्गेचट्टानमा अवस्थित छ । यसको आडमा बगेको कालीगण्डकी नदीमा साहसिक जलयात्रा सुरु गरिएपछि पर्यटकहरु आकर्षित भएका हुन् ।

रानीमहलमा दैनिक दुई सयभन्दा बढी आन्तरिक तथा बाह्य पर्यटकहरु भ्रमण गर्ने गर्दछन् । जसमा दैनिक १५ देखि २० जनाले साहसिक जलयात्रा गर्दछन् ।

स्याङ्जा विर्घाकी १६ वर्षीय नितिसा पाण्डेले चार पटक रानीमहल भ्रमण गरे पनि साहसिक जलयात्रा भने गर्नुभएको थिएन । उनी भन्छन्, 'मेरो घर नजिकै भएर पनि यहाँ (ऱ्याफ्टिङ) सुविधा छ, भन्ने थाहा थिएन ।'

चौथो पटक रानीमहल आउँदा अरू साथीहरुले जलयात्रा गरेको देखेर आफूले पनि यसको मज्जा लिएको उनी बताउँछन् ।

तेजकुमारी एडभेन्चर प्रालिले रानीमहलदेखि रीडी (रुरु धाम) सम्म साहसिक जलयात्रा चलाएको छ ।

रानीमहल सेरोफेरो एक किलोमिटरमा पाँच सय र रुरुधामसम्म दुई हजार शुल्क तिरेर साहसिक जलयात्रा गराइएको सञ्चालक कृष्ण क्षेत्री बताउँछन् ।

जलयात्राका लागि दुईवटा बोट सञ्चालनमा छन् । सुरक्षालाई कायक, हेलमेट, लाइफ ज्याकेट र बीमाकोव्यवस्था गरिएकोछ । 'ऱ्याफ्टिङ भनेपछि पर्यटक डराउने गर्नुहुन्छ', क्षेत्री भन्छन्, 'सबैखाले सुरक्षा प्रबन्ध, पानीको बहाव अध्ययन गरेर मात्र खेलाइन्छ ।' -साभार: अनलाइन

निर्वाचनका लागि टिकटक प्रतियोगिता गरिने

काठमाडौं/ आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि उत्कृष्ट टिकटक भिडियो बनाउनेलाई निर्वाचन आयोगले पुरस्कृत गर्ने घोषणा गरेको छ ।

निर्वाचन प्रचारप्रसार, निर्वाचन आचारसंहिता तथा निर्वाचन शिक्षाजस्ता विषयमा आधारित उत्कृष्ट टिकटक भिडियो बनाउन आह्वान गर्दै आयोगले प्राप्त उत्कृष्ट भिडियोलाई पुरस्कृत गर्ने निर्णय गरेको हो । टिकटक भिडियो प्रतियोगितामा सहभागी हुनेले २० सेकेण्डदेखि एक मिनेटसम्मको बनाएर यही कात्तिक ५ देखि १५ गतेभित्र पठाइसक्नुपर्ने छ ।

आयोगले प्राप्त भएकामध्ये उत्कृष्ट पाँच भिडियोलाई जनही ५० हजारका दरले पुरस्कृत गर्ने जनाएको छ । उनीहरूलाई प्रशंसापत्रसमेत प्रदान गरिने बताइएको छ ।

मलेसियामा रोजगार | कम्पनी: GREENLOOK MANAGEMENT SDN BHD शहर: Malaysia

पूर्व स्वीकृत मिति: २०७८/०७/०२ भर्ना नं.: ६०१८४७०२ Lt No.: 269879 पूल विज्ञापन

छि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब RM	नेपाली रु.	ओभर टाईम घण्टा	प्रतिदिन काम गर्ने समय	हप्ताका काम गर्ने दिन	खाकि भिजा	रुजवा नुतनिया	दरले तालिम	हवाई भाडा
1.	Cleaner	100	0	ए. कक्षा पास	1500	४५०००	कानुन अनुसार	८ घण्टा	६ दिन	कानुन अनुसार	हुँछ	हुँ	१ वर्ष

अन्तरवार्ता घमाघम भइरहेको छ ।

स्वदेशका सबै मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने	विदेशका सबै मेडिकलको खर्च कसले व्यहोर्ने/कति लाग्ने	स्वदेशमा गरिने म्याद जोडन विसा कसले व्यहोर्ने/कति लाग्ने	रोजगारदाता विसा शुल्क/म्याद थप कसले तिर्ने र कति लाग्ने	डाक्टरकोई हाड टिकर कसले तिर्ने र कति लाग्ने	निकाश शुल्क कसले व्यहोर्ने	भिसा सहायताबापत शुल्क कसले व्यहोर्ने	अतिरिक्तकिटना शुल्क कति लाग्ने र कसले व्यहोर्ने	कम्पनीकारी प्रोत्साहनी खरचमा	सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने
रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	किना हुँ/ विभिन्नमा रोजगारदाताले	रोजगार दाताले दिने	रोजगार दाताले व्यहोर्ने	रोजगार दाताले व्यहोर्ने	रु. ७००/- कामदारले तिर्ने	रु. १,७००/- कामदारले तिर्ने	रु.१,०००/-

विदेशिन रोजगार विभागबाट मान्यताप्राप्त कम्पनी । - ५. आफ्नो कम्पनी भिसा प्रशस्त भइसकेपछि मेडिकल भएपछि मात्र कम्पनीमा आई रकम बुझाउन होला । कुनापनी रकमको भौचर उपलब्ध गराइ दिइन्छ । ६. अगाड़ि काम बस उसले बुझाएका रोजी गएको कुरालाई विश्वास गरेको हुनुपर्छ । ७. यस सम्बन्धमा राम्रो राम्रो कुरा गरेर मात्र अगाड़ि बढ्नु होला । ८. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपर्ने भएमा रोजगार विभाग, इन्द्रचोक, काठमाडौं मा आउनु होला । ९. कम्पनी पेज्ज उपरी रेखाकी जिम्मेवार हामि मात्र हुँ होला । आफ्ना टिकट सम्बन्धमा थप केही बुझ्नुपर्ने भेटिएमा रोजगार विभाग, इन्द्रचोकमा सम्पर्क गर्नु होला । १० यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपर्ने भेटिएमा रोजगार विभाग, इन्द्रचोकमा सम्पर्क गर्नु होला ।

Sky Of The World Manpower Pvt. Ltd.
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 4488231
चितवन सम्पर्क : ९८५५०६३४५४, ९८०६५९५५१०२

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

हेटौंडाका तीन सहकारी एकीकरण

साझाकुरा संवाददाता

हेटौंडा, ५ कार्तिक/ हेटौंडा उपमहानगरपालिका-१६ र १७ नम्बर वडाका तीन वटा सहकारी एकीकरण भएको छ । शनिबार हेटौंडा-१६ हटिया चिसापानीमा भएको संयुक्त साधारणसभाबाट तीन सहकारी एकीकरण भएका हुन् ।

अशोक बाटिका बचत तथा ऋण सहकारी संस्था लिमिटेड, सहकर्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड र चिसापानी बचत तथा ऋण सहकारी संस्था लिमिटेड एकीकरण भएका हुन् । एकीकरणपछि आधुनिक एकता बचत तथा ऋण सहकारी संस्था लिमिटेड, हेटौंडा-१६ चिसापानी नामाकरण गरिएको छ ।

शनिबार हटियामा भएको संयुक्त साधारणसभाबाट सहकारी एकीकरण भएको घोषणासँगै तदर्थ समिति बनाइएको छ । समितिमा तीन वटै सहकारीबाट प्रतिनिधित्व रहने गरी पदाधिकारी र सदस्यहरु चयन भएका छन् ।

आधुनिक एकता साकोसको तदर्थ समिति अध्यक्षमा कृष्णप्रसाद सापकोटा चयन भएका छन् । उपाध्यक्षमा योगदान दंगाल, सचिवमा विष्णुमान श्रेष्ठ, कोषाध्यक्षमा डा.विजय नेपाल र सहसचिवमा महेश ढकाल चयन भएका छन् । सदस्यहरुमा ममता कार्की, बद्री प्रसाद लामिछाने, गोकुल तिमल्सिना,

ललित दहाल, श्रीकृष्ण आचार्य, लेखनाथ ढकाल, नवराज न्यौपाने, सुमित्रा घिमिरे, यद्देव सिग्देल, निर्मला भ्लोन चयन भएका छन् । आधुनिक एकता साकोसको लेखा समिति संयोजकमा सागरनाथ बास्तोला तथा सदस्यहरुमा जयराम भण्डारी, शिव प्रसाद चौलागाईं चयन भए ।

३ वटा सहकारी मर्ज भएपछि कुल शेयर सदस्य १ हजार ८ सय जना पुगेका छन् । जसमध्ये करिब २ सयदेखि ३ सय जना सदस्यको सदस्यता दोहोरिन सक्ने भएको अध्यक्ष सापकोटाले बताए ।

आधुनिक एकता साकोसको शेयर पूंजी २ करोड ८८ लाख ३६ हजार ६ सय पुगेको छ । अध्यक्ष सापकोटाका अनुसार ऋण लगानी १४ करोड ४६ हजार ५ रुपैयाँ, बचत १२ करोड ५० लाख ५३ हजार ४ सय ६९ रुपैयाँ रहेको छ ।

जिल्ला सहकारी संघ मकवानपुरका अध्यक्ष नारायण देवकोटाको प्रमुख आतिथ्यतामा भएको संयुक्त साधारणसभामा हेटौंडा-१५ का वडा अध्यक्ष सुनिल मोक्तान, हेटौंडा-१७ का वडा अध्यक्ष उद्धव सत्याल, सहकर्मी साकोसका अध्यक्ष मदन कुमार दहाल, अशोक वाटिका साकोसका सहल्लाहकार जयप्रकाश घिमिरे, चिसापानी साकोसका सल्लाहकार अर्जुनप्रसाद वाग्ले, चेतनशील दुग्ध उत्पादक सहकारीका अध्यक्ष महेश बजगाईलगायतले आफ्नो धारणा राखेका थिए ।

संघ अध्यक्ष देवकोटाले एकीकरणपछि बन्ने सहकारीले उत्पादन क्षेत्रमा लगानीमा जोड दिँदै शेयर सदस्यहरुको हितमा निरन्तर काम गर्न अनुरोध गरे ।

हेटौंडामा रविले भने, 'निर्वाचनमा मिडियाको दुरुपयोग नहोस्'

साझाकुरा संवाददाता

हेटौंडा, ५ कार्तिक/ पूर्वसञ्चारकर्मीसमेत रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले निर्वाचनमा मिडियाहरुको दुरुपयोग हुने गरेको भन्दै पत्रकारहरुलाई सचेत रहन आग्रह गरेका छन् ।

चितवन क्षेत्र नम्बर २ का उम्मेदवारसमेत रहेका लामिछाने शनिवार हेटौंडा आएर पत्रकारहरुसँग

कुरा गर्दै निर्वाचनमा हुन सक्ने दुरुपयोगबाट सचेत हुनुपर्ने बताएका हुन् । उनले निर्वाचनमा उम्मेदवारहरुले मिडियालाई दुरुपयोग गर्न सक्ने र मिडियाहरु पनि जानेर/नजानेर दुरुपयोगमा पर्ने गरेको बताए ।

लामिछानेले निर्वाचनका समयमा सबै मिडिया र सञ्चारकर्मीहरुले स्वतन्त्र र निष्पक्ष भएर सञ्चार कर्म गर्नुपर्ने धारणा राखे । लामिछाने आफ्नो पार्टी राष्ट्रिय स्वतन्त्र पार्टीबाट उठेका प्रतिनिधिसभा उम्मेदवारहरुसँग निर्वाचनको सम्बन्धमा छलफल गर्न हेटौंडा आइपुगेका थिए ।

उनी प्रतिनिधिसभा क्षेत्र नम्बर २ स्थित थाहा नगरमा भएको कार्यक्रमलाई सम्बोधन गर्न हेटौंडा आइपुगेका हुन् । राष्ट्रिय स्वतन्त्र पार्टीबाट मकवानपुरको १ नम्बर क्षेत्रमा सुरेश थापा र २ नम्बर क्षेत्रबाट भरत पराजुली रहेका छन् । उक्त पार्टीले संघीयताको प्रदेश संरचना खारेज गर्नुपर्ने माग राखेकाले प्रदेशसभा सदस्य निर्वाचनमा आफ्ना उम्मेदवार उठाएको छैन् ।

लामिछानेले आफू पनि लामो समय सञ्चारकर्मी भएर काम गरेको स्मरण गर्दै निर्वाचनका समयमा सबै मिडिया र सञ्चारकर्मीहरुले स्वतन्त्र र निष्पक्ष भएर काम गर्ने विश्वास व्यक्त गरे । निर्वाचनको समयमा जनचासो बढ्ने र राजनीतिक दलको केहीले त्यसको दुरुपयोग गर्न सक्ने बताए ।

लामिछाने ले देशमा परिवर्तन ल्याउन आफुले सञ्चार क्षेत्र छाडेर राजनीतिमा होमिएको बताए । उनले पार्टीका नेता, कार्यकर्ताहरुलाई निर्वाचन आचार संहिता पूर्णरुपमा पालना गर्न आग्रह गरेका छन् ।

बागमतीमा ट्रकसँग अटो ठोक्किँदा एक जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ५ कार्तिक/ जिल्लाको पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिकामा मालबाहक ट्रकसँग अटो ठोक्किँदा एक जनाको मृत्यु भएको छ ।

शुक्रबार राती मदन भण्डारी राजमार्ग (धरान-चतरा सडक खण्ड)अन्तर्गत बागमती गाउँपालिका वडा नम्बर-५ कोइलादमार चोक नजिक मलामी गएर फर्केको ना १ ह ५८५५ नम्बरको अटो रोकिराखेको बागमती प्रदेश ०३-००१ क ४१३ नम्बरको ट्रकमा ठोक्किएको थियो । दुर्घटनामा परेर तीन जना घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

दुर्घटनाबाट बागमती गाउँपालिका-८ घर भएका रामबहादुर गोलेको मृत्यु भएको मकवानपुर प्रहरीले जानकारी दिएको छ । गोलेको उपचारको क्रममा हेटौंडाको चुरेहिल अस्पतालमा मृत्यु भएको मकवानपुरका प्रहरी उपरिक्षक बामदेव गौतमले बताए । अटो चालक बागमती-८ बस्ने सिंहबहादुर योञ्जन, अटोमा सवार सोही वडाका वीरबहादुर थोकर र लक्ष्मण राई घाइते भएका थिए । उनीहरुको चुरेहिल अस्पतालमा उपचार भएको छ ।

चित्रेपानी वनको अध्यक्षमा घलान

साझाकुरा संवाददाता

हेटौंडा, ५ कार्तिक/ हेटौंडा-६ मा गौरीटारमा रहेको चित्रेपानी सामुदायिक वन उपभोक्ता समूहको अध्यक्षमा सूर्य बहादुर घलान निर्विरोध चयन भएका छन् ।

समूहको शनिबार सम्पन्न भएको २१ औं वार्षिक साधारणसभाको बन्द सत्रले घलानको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो । समितिको उपाध्यक्षमा घनप्रसाद सापकोटा, सचिवमा रजनी गौतम, कोषाध्यक्षमा इन्दिरा जिम्बा, सहसचिवमा सविना विश्वकर्मा रहेको छ ।

त्यसैगरी सदस्यहरुमा तुल बहादुर लम्साल, देवी खड्का, गीता खत्री, हरिप्रसाद दाहाल, श्वेता लामा र सुनमाया थिङ रहेका छन् भने लेखा समितिको संयोजकमा भानुप्रताप बिडारी चयन भएका छन । हेटौंडा उपमहानगरपालिकाका उपमेयर राजेश बानियाँको प्रमुख आतिथ्यतामा साधारणसभामा भएको थियो ।

चित्लाङ-चन्द्रागिरी सडकको स्तरोन्नती गर्ने ढकालको वाचा

साझाकुरा संवाददाता

हेटौंडा, ५ कार्तिक/ एमालेबाट प्रदेशसभा सदस्य उम्मेदवार विष्णु ढकालले करिब पाँच वर्षदेखि निर्माण अलपत्र परेर हालैमात्र सम्पन्नको तयारीमा रहेको चित्लाङ-चन्द्रागिरी सडक स्तरोन्नती गर्ने वाचा दिएका छन् ।

थाहा नगरबाट काठमाडौं प्रवेशका लागि छोटो मार्ग चित्लाङ-चन्द्रागिरी सडक पूर्ण रुपमा निर्माण भइनसकेको र आफू प्रदेश सांसद जितेपछि स्तरोन्नतीलाई प्राथमिकतामा राखेर थाहा नगरपालिकालाई भगिनी सहरको रुपमा विकास गर्ने प्रतिबद्धता जनाएका हुन् ।

नेकपा एमालेबाट प्रदेशसभा २ को (क)बाट उम्मेदवार रहेका ढकालले शनिवार स्थानीय मतदाताहरुसँग भेट गर्दै चित्लाङ-चन्द्रागिरी-थानकोट सडक नै थाहा नगर विकासको मुख्य आधार रहेको बताए । थाहालगायत मकवानपुर उत्तरी क्षेत्रको समग्र विकासको ढोका नै उक्त बाटो भएको हुँदा अब सडकको स्तरोन्नती गरी थाहालाई काठमाडौंको भगिनी सहरको रुपमा विकास गरिने बताएका हुन् ।

एमाले थाहा-९ नम्बर वडा कमिटीको आयोजनामा शनिबार चित्लाङमा भएको शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रमलाई सम्बोधन गर्दै ढकालले चित्लाङ-चन्द्रागिरी-थानकोट सडकको हालसम्मको स्तरोन्नति गर्ने काम एमालेकै अगुवाइमा भएको स्मरण गराउँदै एमालेले मात्र विकासको निकास दिन सक्ने ठोक्वा गरे । चित्लाङलगायत थाहा नगरमा शिक्षा, स्वास्थ्य, सडकलगायतको विकासका पूर्वाधारहरुमा एमालेले अगुवाइ गर्दै आइरहेको उनको भनाइ छ । कार्यक्रममा एमाले बागमती प्रदेश कमिटी सदस्य बुद्धरत्न मानन्धर, बरिना बल, जिल्ला सदस्य तथा थाहानगर सह-इञ्चार्ज सुरेन्द्रमान प्रधान, पार्टी नगर अध्यक्ष अचुतम प्रसाद ढकाललगायतको आतिथ्यता थियो ।

हेटौंडाकी बरिसालाई 'डान्स इन्डिया डान्स'मा निम्तो

साझाकुरा संवाददाता

हेटौंडा, ५ कार्तिक/ हेटौंडा-९, स्थित सिमेन्ट रोड निवासी बरिसा थापा क्षेत्रीलाई भारतीय चर्चित रियालिटी शो 'डान्स इन्डिया डान्स'मा भाग लिन निम्तो आएको छ ।

भारतीय चललिच 'पुष्पा'को चर्चित गीत 'सामी सामी' गीतमा आकर्षक नृत्य गर्दै भाइरल बनेकी बरिसालाई शोका निर्णायक बलिउड कोरियोग्राफर रेमो डिसुजाले 'डान्स इन्डिया डान्स'मा भाग लिन निम्तो दिएका हुन् । डिसुजा र बरिसाको जुममार्फत भर्चुअल कुराकानी भएको छ । कुराकानीमा क्रममा बरिसालाई डिसुजाले भाग लिन निम्तो दिएको जनाइएको छ ।

सामी सामीमा नृत्य गरेकी बरिसाको टिकटकमार्फत नेपाल र भारतमा धेरै चर्चा चलिएको थियो । टिकटकबाटै बरिसाको नृत्य हेरेपछि पुष्पाकी नायिकका रश्मिका मन्दानाले ट्वीटरमार्फत बरिसासँग भेट्ने इच्छा देखाएपछि उनको चर्चा नेपालमा मात्रै सीमित बनेको थिएन् ।

कोरियोग्राफर डिसुजाले बरिसालाई शोको अडिसनसमेत दिनु

नपर्ने बताएका छन् । बसिरालाई वाइल्ड कार्ड इन्ट्रीमार्फत सिधै प्रतियोगितामा भाग लिन पाउने डिसुजाले भनेका हुन् । बरिसालाई आफूले भेट्न चाहेको उनको भनाइ छ । कुराकानीका क्रममा बरिसाले डिसुजालाई सामीसामी गीतमा नृत्य देखाएको जनाइएको छ ।

बरिसा स्थानीय रसल एकेडेमीको युकेजीमा पढ्दै आइरहेकी छन् । बरिसाले करिब पाँच महिनाअघि एकेडेमी परिसरमै भएको एक कार्यक्रममा नृत्य प्रदर्शन गरेको भिडियो टिकटकमा भाइरल भएको थियो ।

बरिसाको भिडियो खिच्ने थिइन्, शिक्षिका रोसनी कार्की । उनले एकेडेमी भने छोडिसकेकी छन् । कार्कीले एकेडेमीमा काम गर्दाको सम्झना आएपछि चार दिनअघि मात्रै बरिसाको नृत्यलाई टिकटकमा हालेकी थिइन् । टिकटकको भिडियो भाइरल भएपछि उक्त नृत्य र शिमकाकोमा थियो ।

मामाघरलाई सहयोग गर्न देउसी भैलो खेलिने

साझाकुरा संवाददाता

हेटौंडा, ५ कार्तिक/ पूर्वसडक बालबालिकालाई शिक्षा, दिक्षासहित आश्रय दिइरहेको मामाघर नेपाललाई सहयोग गर्ने उद्देश्यले देउसी भैलो खेलिने भएको छ ।

हेटौंडाको १, २, ४, ५ नम्बर वडामा देउसी भैलो खेलेर अनविज्ञ ब्यान्डले मामाघर नेपाललाई सहयोग गर्ने कार्यक्रम तय गरेको जानकारी दिएको छ ।

शनिबार शुभ दिपावलीको अवसरमा शुभकामना आदानप्रदान तथा पत्रकार सम्मेलनको आयोजना गर्दै अनविज्ञ ब्यान्डका संरक्षक पर्वतजंग गुरुङले सोमबार लक्ष्मी पुजाको दिनदेखि ५ दिनसम्म देउसी भैलो खेलिने जानकारी दिए ।

गुरुङका अनुसार ब्यान्डले हेटौंडाको स्वर्गलोक पथ, संगमचोक, चौकीटोल, कामने, क्याम्पाडाँडा लगायत विभिन्न ठाउँमा देउसी भैलो खेलिने छन् । विगत १० वर्षदेखि

खेलिँदै आएको देउसी भैलो यसवर्ष अभिभावक विहीन भञ्जाहरुलाई आश्रय दिइरहेको मामाघर नेपाललाई सहयोग गर्ने उद्देश्यले१० जनाकोटिममा देउसी भैलो खेल्न लागिएको गुरुङले बताए । देउसी भैलो कार्यक्रमको लागि लगभग ७० हजार रुपैयाँ खर्च हुने गुरुङले अनुमान लगाएका छन् । देउसी भैलो कार्यक्रमबाट १ लाख ५० हजार रकम संकलन गरिने लक्ष्य रहेको जनाइएको छ । विगतमा विभिन्न परिस्थिति तथा अफ्ठ्यारोमा परेकालाई सहयोग गर्दै आइरहेको भएपनि अभिभावक विहीन भञ्जाहरुलाई आश्रय दिइरहेको मामाघरलाई पहिलो पटक सहयोगार्थ देउसी भैलो कार्यक्रम गरिने ब्यान्डले जानकारी दिएको छ । अनविज्ञ ब्यान्ड मकवानपुरका म्यानेजर तथा कार्यक्रम संयोजक संग्राम बल लामाले जिल्लामा पहिलो पटक सँस्कृति जगेर्ना गर्ने उद्देश्यले युवाहरुले सामाजिक क्षेत्रमा योगदान दिने उद्देश्यले देउसी भैलो गर्न लागेको बताएका छन् ।

HETAUDA CITY HOSPITAL PVT.LTD.

Hetauda-1, Sub-metropolitan
Phone: 057-520315

VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

S.No.	Designation	No.	Salary (Rs)	Min. Qualifications
1	Staff Nurse	Few	Negotiable	PCL/NHPC registered
2	CMA/ANM	Few	Negotiable	TSLC
3	Receptionist	Few	Negotiable	+2 completed

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादकः सरला खनाल, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रणः सफल छापाखाना